'स्वच्छ लघुवित्त, हाम्रो अभियान'

दोस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन

Second National Microfinance Members' Summit

मंसिर १५-१६, २०७५ (December 1-2, 2018), काठमाडौं, नेपाल

दोस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन सुरु

लघुवित्तमार्फत गरिवी निवारणमा ठूलो योगदान : प्रधानमन्त्री

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले लघुवित्त मार्फत गरिवी निवारणमा ठुलो योगदान पुगेको बताएका छन् ।

काठमाडौंमा शनिबारदेखि सुरु भएको दोस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको उद्घाटन गर्दै सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले सो कुरा बताएका छन् ।

"लघुवित्त संस्थाले लिने ब्याजदर अन्य मुलुकको तुलनामा नेपालमा कम हो । तर, लगानी गर्ने क्षेत्रको आधारमा ब्याजदर निर्धारण गर्नुपर्छ," उनले भने ।

त्यस्तै प्रधानमन्त्रीले आफ्नो क्षमताअनुसार मात्रै कर्जा लिन सदस्यहरूलाई सुझाएका छन् । "आफ्नो क्षमता आकलन गर्नुहोस् अनि कर्जा लिनुहोस् ।

तर, लघुवित्तलाई अरुलाई कमाई खाने भाडो बनाउन नदिनुहोस्," उनले भने । सम्मेलनमा बोल्दै प्रधानमन्त्री ओलीले लघुवित्त संस्थाहरूलाई आफ्नो लगानीकर्ताको भन्दा पनि लक्षितवर्गको हितलाई ध्यानमा राख्न सुझाएका छन् ।

यस क्षेत्रको विकास लागि कुनै ऐन अवरोध भएमा सुझाव दिनसमेत उनले आह्वान गरेका छन् । "ऐन भनेको सहजताका लागि हो अवरोधका लागि होइन । कुनै कानुनी समस्या भए सुझाव दिनुहोस् । त्यसलाई संशोधन गर्नेछौं," उनले भने ।

कार्यक्रममा गरिबी निवारण, भूमि व्यवस्थापन र सहकारी मन्त्री पदमा अर्यालले गरिबी हटाउनका लागि लघुवित्त तथा सहकारी संस्थाको ठूलो भूमिका रहने बताइन् ।

लघुवित्तमा सुपरिवेक्षण हस्तक्षेप हुनसक्छ

नेपाल राष्ट्र बैंकका कायमुकायम गभर्नर चिन्तामणि सिवाकोटीले लघुवित्त संस्थाहरूमा सुपरिवेक्षण हस्तक्षेप हुन सक्ने बताएका छन् । राष्ट्र बैंकले विपन्न कर्जाअन्तर्गत एकल महिलालाई दिइने कर्जामा १ प्रतिशत ब्याजदर घटाउन निर्देशन दिएको छ ।

त्यस्तै कायममुकायम गभर्नर सिवाकोटीले लघुवित्त संस्थाको संख्या बढ्दै गएकाले आगामी दिनमा मर्जर र एक्वीजिसनको अवस्था पनि सिर्जना हुन सक्ने बताएका छन् । "दुई वर्ष अगाडि नै दर्ता भई बसेका धेरै संस्था छन् । केही पाइपलाइनमा पनि छन्," उनले भने । पाइपलाइनमा रहेकालाई दर्ता प्रक्रिया जान बन्द गरिएको समेत उनले बताए ।

सम्मेलनमा बोल्दै आयोजक समितिका अध्यक्ष शंकर मान श्रेष्ठले लघुवित्त क्षेत्रमा विपन्न कर्जाको अपचलन भएको बताए । लघुवित्त क्षेत्रमा बढ्दै गएको अस्वस्थ प्रतिस्पर्धाको कारण विकृति बढ्दै गएको छ । फलस्वरूप पछिल्लो समयमा लघुवित्त संस्थाको निश्क्रिय कर्जा बढ्दै गएको उनले बताए ।

ब्याजदर घटाउन आग्रह

लघुवित्त संस्थाका सदस्यहरूले महिलाहरूलाई दिइने कर्जामा ब्याजदर घटाउन आग्रह गरेका छन् । शनिबारदेखि काठमाडौमा सुरु भएको दोस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनमा 'नेपालमा लघुवित्तको अवस्था, चुनौती र सम्भावना' विषयमा भएको छलफलमा बोल्दै महिला सहभागीहरूले यस्तो अनुरोध गरेका हुन् ।

छलफलमा विजय लघुवित्त वित्तीय संस्था नवलपरासीकी लक्ष्मी खरेलले लघुवित्त संस्थाको ब्याजदर घटाउन अनुरोध गरिन् । लघुवित्त संस्थाको ऋणी भनेको असाहय, एकल महिला तथा न्यून आय भएका बर्ग हुन् । त्यसैले सरकारले लघुवित्त संस्थाको ब्याजदर घटाउनु पर्ने बताइन् । त्यस्तै, पार्वती श्रेष्ठले लघुवित्त संस्थाले लिँदै आएको सेवा शुल्क घटाउनु र महिलाले उत्पादन गरेका सामग्रीका लागि बजार व्यवस्थापन गर्नसमेत अनुरोध गरिन् ।

तर, राष्ट्र बैंकका कायममुकायम गभर्नर चिन्तामणि सिवाकोटीले भने लघुवित्त संस्थाहरूले विकट क्षेत्रमा गएर नै सेवा दिनुपर्ने भएकाले केन्द्रीय बैंकले ब्याजदरको सीमा अधिकतम १८ प्रतिशत तोकेको बताए । सेवा शुल्क अधिकत्तम २ प्रतिशत तोकिएको छ । संस्थाहरूले प्रतिस्पर्धामा गएर ब्याजदर र सेवाशुल्क घटाउन सक्ने उनले बताए । त्यस्तै, संस्थाहरूमा देखिएको कर्मचारी तानातानको अवस्थालाई नियन्त्रण गर्न कुलिङ पिरियडको व्यवस्था गर्न सकिनेसमेत बताए ।

(बाँकी पृष्ठ २ मा)

लघुवित्तका सदस्यमा नै जागरण आवश्यक छ

शंकर मान श्रेष्ठ
अध्यक्ष,
राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन
आयोजक समिति

नेपालमा लघुवित्तको सुरुवात भएको तीन दशक बितेको छ । तीन दशकको अवधिमा यो क्षेत्रमा संख्यात्मक र गुणात्मक रूपान्तरण देख्न सकिन्छ । लघुवित्तीय सेवामार्फत दूरदराजमा पुगेको वित्तीय सेवाले दुर्गम भूभागमा गरिबी र पछौटेपनमा जीवनयापन गरिरहेकालाई उद्यमी बनाउन सम्भव भएको छ । राष्ट्रिय उत्पादन वृद्धि, गरिबी निवारण, महिला सशक्तीकरण, आर्थिक-सामाजिक विकासमा दूरगामी महत्वका उपलब्धि हासिल भएका छन् । यो क्षेत्रले गुणात्मक फड्को मार्नु हामी जस्ता लघुवित्तको क्षेत्रमा आफ्नो जीवनको कर्मशील समय बिताएकाहरूका लागि गौरवको कुरा हो । तर, यो क्षेत्रमा संख्यात्मक वृद्धिसँगै केही विकृतिहरू पनि देखा परेका छन् । यस्ता विकृति नियन्त्रणका लागि वास्तवमा सदस्यहरूमै जागरण आउनुपर्छ ।

लघुवित्त वित्तीय संस्था नाफाका लागि सञ्चालन गर्ने होइन । यो वास्तवमा एउटा पवित्र सेवा हो । सेवा भावले काम गरेमात्र परिणाममुखी कामहरू गर्न सकिन्छ । तर, अहिले यो क्षेत्रमा जग्गाको कारोबार गर्नेदेखि दलाली गर्नेहरूले समेत प्रवेश गर्न थाले । उनीहरू रातारात नाफा कमाउन सकिन्छ भनेर यो क्षेत्रमा आएका छन् । यिनीहरूले अस्वस्थ प्रतिस्पर्धा गर्छन् । अर्को संस्थाको ग्राहक तानेर ऋण दिने प्रतिस्पर्धा छ । लघुवित्तका सदस्यहरूमा बहुवित्तीयकरण जोखिम हो ।

(बाँकी पृष्ठ २ मा)

सहकारी मोडेलको बढी सम्भावना छ

डम्बर बहादुर शाह
महाप्रबन्धक,
किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

नेपालमा विभिन्न मोडलका लघुवित्तहरू सञ्चालित छन् । सहकारी मोडेल, ग्रामीण बैंक, साना किसान सहकारी मोडेल र सेल्फ हेल्प ग्रुफ मोडेलमा लघुवित्त सञ्चालित छन् । नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशिका २०७५ अनुसार क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाले कम्तीमा ५ प्रतिशत रकम विपन्नवर्ग प्रवाह गर्नुपर्छ । बैंकहरूले लघुवित्तमार्फत नै विपन्नवर्ग कर्जा प्रवाह गरेका छन् ।

नेपालमा सहकारी ऐन २०७४ लागू भइसकेको भए तापनि हालसम्म सोको नियमावली बन्न सकेको छैन । संघीय संरचना नयाँ भएकोले सहकारी संस्थाहरूको कार्यक्षेत्र नियमन लगायतका पक्षहरूबारे अन्योल छ । नेपालमा २००७ सालमा गुठी परम्परागत सहकारी थियो । नेपालमा २०१३ सालमा पहिलो सहकारी स्थापना भएको हो । चितवनको बखान सहकारीबाट नेपालमा सहकारीको सुरुवात भएको हो । २०१६ सालमा पहिलो पटक सहकारी ऐन जारी भयो । २०१८ सालमा सहकारी नियमावली जारी भएको हो ।

सहकारी मोडेलका लघुवित्तको नेपालमा धेरै सम्भावना छ । सहकारीका लगानीकर्ता नै सदस्य हुनाले इमान्दारिता धेरै हुन्छ । निर्णय प्रक्रियामा सेयर सदस्यको माध्यमबाट ग्राहकको प्रत्यक्ष सहभागिताले अन्य लघुवित्तभन्दा अपनत्वको चाहना बढी हुने भएकाले सहकारी पद्धतिको लघुवित्त बढी दिगो र समुदायमुखी हुन्छ । वित्तीयलगायत अन्य सेवा पनि प्रदान गर्छ । त्यसैले पनि ग्रामीण क्षेत्रमा सहकारी मोडलका लघुवित्तको बढी सम्भावना छ ।

तर, लघुवित्त सदस्यहरूले लिने ऋणको भार अत्याधिक मात्रामा वृद्धि हुँदै गएको छ । एउटै कार्यक्षेत्रमा धेरै संस्था भएकाले संस्थाहरूबीच अस्वस्थ्य प्रतिस्पर्धा बढेको छ । संस्थाहरूको भाखा नाघेको कर्जामा वृद्धि भएको छ । लघुवित्त सदस्यबारे आदान-प्रदान गरिने साख सूचना प्रभावकारी छैन । कर्मचारीमा तालिम र विषयगत ज्ञानको अभाव रहेको छ । कर्मचारी छोड्ने दरमा वृद्धि भएको छ । सदस्यहरूको सीप विकास तथा व्यावासयिक तालिमको अभाव, लघुवित्त संस्थामा अनुगमन तथा सुपरीवेक्षण प्रभावकारी नभएको, लेखा समितिको भूमिका तथा आन्तरिक लेखापरीक्षण प्रक्रिया प्रभाव बिहीन बन्दै गएको अवस्था छ ।

घरदैलोमा सुविधा दिएका छन्

नेपालमा सन् १९५० देखि सहकारीका रूपमा लघुवित्तको सेवा सुरु भएको हो । १९७० मा विभिन्न बैंकहरूद्वारा गरिब र महिलालाई वित्तीय सेवा दिन विभिन्न परियोजनामार्फत लघुवित्त कार्यक्रम सञ्चालन भयो । १९९० मा भने पाँच विकास क्षेत्रमा क्षेत्रीय विकास बैंकहरूले ग्रामीण मोडल अवलम्बन गरे । सन् २००० पछि गैरसरकारी संस्थाहरूले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई लघुवित्त सेवा सुरु गरेको हुन् ।

नेपालमा हाल ८९ वटा लघुवित्त वित्तीय संस्थाहरू छन् जसका ३ हजार ९२ शाखा छन् । सदस्य संख्या ३७ लाख १५ हजार ६४६ छन् । बचत रकम ६३ अर्ब ७८ करोड १३ लाख छ । ऋणी संख्या २३ लाख ६१ हजार ४६० छन् भने ऋण लगानी १ खर्ब ७२ अर्ब छ ।

नेपालको गरिबी हटाउनमा लघुवित्त अहम भूमिका छ । संस्थाहरूले घरदैलोमा पुगेर सेवा दिएका छन् । मानिसहरूमा बचत गर्ने बानीको विकास भएको छ । मानिसहरू स्वरोजगार भएको छन् । महिला जागरण र उद्यमशीलाता बढेको छ ।

तर, अहिले लघुवित्त संस्थामा अन्योलता देखिन्छ । आफनो लक्ष्य र उद्देश्य विपरीत संस्थाहरू गएको देखिन्छ । उचित नाफा कमाउने हो वा उच्च नाफा कमाउने हो भन्ने विषयमा संस्थाहरू अन्योलमा देखिन्छन् । संस्थाहरूमा दक्ष जनशक्तिको अभाव छ । अस्वस्थ्य प्रतिस्पर्धा छ । सदस्य संरक्षणमा नीतिको अभाव छ । प्रविधिमैत्री हुन सकेको छैन । राजनीति क्षेत्रमा लघुवित्त बारे बुझाइमा कमी छ ।

पद्यमासना शाक्य
अध्यक्ष
मानुषी लघुवित्त वित्तीय संस्था लि.

तालिम दिन सके दिगोपना

रामचन्द्र जोशी
प्रमुख कार्यकारी अधिकृत
छिमेक लघुवित्त वित्तीय संस्था लि.

नेपालमा सञ्चालित लघुवित्त संस्थाहरूले लघुकर्जा, लघुबचत, लघुबिमा तथा विप्रेषणको सेवा दिँदै आएका छन् । राष्ट्र बैंकको निर्देशनअनुसार बैंक तथा वित्तीय संस्थाहरूले लघुवित्तलाई निश्चित रकम कर्जा उपलब्ध गराउँदै आएका छन् । २०७५ साल भदौ मसान्तसम्ममा 'क' वर्गको वित्तीय संस्थाले ५ दशमलव ९४, 'ख' वर्गकाले ९ दशमलव ४७ र 'ग' वर्गले ५ दशमलव ४६ प्रतिशत कर्जा उपलब्ध गराउँदै आएका छन् ।

तर, नेपालमा अझै पनि सबै क्षेत्रमा लघुवित्त संस्था पुग्न सकेको छैनन् । लघुवित्तहरू विशेष गरी तराईका क्षेत्र र सहज पहाडी जिल्लाहरूमा बढी एकत्रित भएका छन् । धेरै संख्यामा संस्थाहरू खुल्दा अस्वास्थ्य प्रतिस्पर्धा बढ्न थालेको छ । सदस्यको दोहोरोपनामा वृद्धिले समग्र रूपमा ग्राहक तथा संस्था दुवैलाई नकारात्मक असर पर्न चुनौती छ । लघुवित्तको मर्मविपरीत संस्थाहरूले सुरुकै अवस्थामा ठूलो मात्रामा ऋण प्रवाह गर्दा कर्जाको दुरुपयोग हुने सम्भावना समेत बढेको छ ।

तर, केन्द्रीय बैंकको निर्देशनअनुसार कर्जा सूचना केन्द्रमा आबद्ध भएमा सदस्यता दोहोरोपनामा कम हुनेछ । विभिन्न उपयोगी तालिम दिन सके कार्यक्रममा दिगोपना हुनेछ ।

लघुवित्तमार्फत ...

त्यस्तै, माइक्रोफाइनान्स एसोसिएसन अफ नेपालकी अध्यक्ष पद्यामासना शाक्यले सदस्यहरूले ब्याजदरभन्दा पनि उद्यमशीलतालाई हेर्नुपर्ने बताइन् । "लघुवित्त संस्था आफैंले १२ देखि १४ प्रतिशतमा कर्जा लिन्छन् । त्यसमा केही खर्च रकम जोडेर १८ प्रतिशतसम्ममा सदस्यहरूलाई कर्जा प्रवाह गर्छन्," उनले भनिन् । त्यसैले ऋणीहरू आफु उद्यमी बन्नुतर्फ ध्यानु पर्ने बताइन् ।

त्यस्तै, नेपाल माइक्रोफाइनान्स बैंकर्स एसोसिएसनका अध्यक्ष रामचन्द्र जोशीले सदस्यहरूले औंला दिँदा ढुडो नै निल्न खोजेको बताए । बैंकहरूले नै १६ देखि १७ प्रतिशत ब्याजदरमा ऋण प्रवाह गरेको बताउँदै लघुवित्त संस्थाले लिएको १८ प्रतिशत ब्याजदर अत्यन्तै सुलभ भएको बताए । सम्मेलनमा महिलाहरूले उत्पादन गरेका स्थानीय सामग्रीको प्रदर्शन तथा साँस्कृतिक कार्यक्रमसमेत प्रस्तुत गरिएको थियो ।

आइतबारसम्म सञ्चालन हुने सम्मेलनमा विभिन्न विषयमा अन्तक्रिया गरिनेछ । लघुवित्तको प्रभाव, विचलन, अनुभव, अनुभूति र मनका कुरा, लघुवित्तमा सदस्यको उद्यमशीलतामा अभिवृद्धि, लघुवित्तमा वित्तीय साक्षरता र ग्राहक सुरक्षण, अति विपन्नमा लघुवित्त प्रवाह, बहुबैंकिङ तथा ऋणको अतिभारबाट हुने नकारात्मक प्रभाव र बच्ने उपाय, लघुवित्तद्वारा सामाजिक विकास विषयमा छलफल गरिने भएको छ ।

लघुवित्तका...

यही सचेतना लघुवित्तका सदस्यहरूमा जगाउनु परेको छ । लघुवित्तमा स्वच्छताका लागि सदस्यहरूलाई नै जागृत गर्न 'स्वच्छ लघुवित्त, हाम्रो अभियान' भन्ने मर्ममा आधारित रहेर राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन आयोजना भइरहेको छ । वास्तविक गरिबले धेरै संस्थाबाट ऋण लिने कुरा त परै जाओस्, धेरै ऋण लिन चाहदैन ।

उसको सानो उद्यमका लागि सानो पुँजी चाहिएको हुन्छ । ऊ ऋण लिएपछि तिर्नुपर्छ भन्नेमा सचेत भएर मात्र ऋण ग्रहण गरेको हुन्छ । तर, अहिले केही लघुवित्तले मानिसहरूलाई उक्साएर जग्गाको कारोबारसमेत गराइरहेका छन् ।

उनीहरू लघुवित्तको आधारभूत सिद्धान्तबाट बिचलित भएका छन् । वास्तवमा यो प्रवृत्तिसँग लघुवित्तका सदस्यहरू जोगिनुपर्नेछ । यदि यस्तो दुष्प्रवृत्ति मौलाउँदै गयो भने यसले पवित्र सेवामूलक व्यवसाय लघुवित्तलाई नै कलंकित तुल्याउन सक्छ ।

वित्तीय पहुँच पुऱ्याउन र उद्यमशीलता विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका लघुवित्त संस्थाहरूलाई डेढ खर्ब रुपैयाँ कर्जा लगानी गर्नुका साथै झन्डै ६० अर्ब रुपैयाँ बचत परिचालन गरेका छन् । त्यसकारण यस्तो महत्वपूर्ण क्षेत्रमा हामीले विकृति छिर्न दिनुहुँदैन भनेरै सदस्यहरूमार्फत नै गाउँ-गाउँमा जागरण पुऱ्याउन खोजिएको हो ।

त्यसैले हामीले देशभरबाट ७५ लघुवित्तका ७ सयभन्दा बढी सदस्यलाई लघुवित्तमा स्वच्छताका सम्बन्धमा जानकारी गराइरहेका छौं । उनीहरू नै लघुवित्त सेवामा स्वच्छता ल्याउने हाम्रो अभियानका सारथि हुन् । उनीहरूले गाउँ-गाउँमा पुगेर बहुवित्तीयकरण र लघुवित्त क्षेत्रका विकृतिका सम्बन्धमा सचेतना जगाउनेछन् । लघुवित्त क्षेत्रमा बंगलादेशलाई अग्रगामी मानिन्छ । तर, लघुवित्तका सदस्यहरूको यसप्रकारको सम्मेलन आयोजना गर्ने नेपाल पहिलो देश हो । हामीले गरेका कामहरूबारे हेर्न र सुन्न विदेशीहरूसमेत लालायित छन् ।

यो सम्मेलन आफैंमा एउटा विश्वविद्यालय हो । जहाँ लघुवित्तका सदस्यहरूले अथाह ज्ञान, अनुभव आदान-प्रदान र यस क्षेत्रको स्वच्छता र भविष्यको बाटोका सम्बन्धमा समेत जानकारी हासिल गर्नेछन् ।

आशा छ, यो सम्मेलनले लघुवित्त क्षेत्रमा शुद्धतासँगै वित्तीय सचेतना, सामाजिक विकास, महिलाको आर्थिक सशक्तीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

१६ महिला उद्यमीले सुनाए सफलताको कथा

काठमाडौं । देशभरका १६ महिला उद्यमीहरूले आफ्नो सफलताको कथा सुनाए। सम्मेलनको क्रममा आयोजित उद्यमीहरूको अनुभव आदान-प्रदान कार्यक्रममा बोल्दै कैलालीकी चन्द्रादेवी भण्डारीले सहकारीबाट ऋण लिएर बंगुरपालन, कुखुरापालन, माछापालन र किराना पसल राखेर व्यवसायमा हात हालेको अनुभव सुनाइन् ।

नुवाकोटकी देवकुमारी विश्वकर्माले स्थानीय लघुवित्त संस्थाबाट १५ हजार ऋण लिएर कुखुरापालन गरेको बताइन् । उनले सहकारीबाटै ५० वटा कुखुराबाट सुरु भएको व्यवसाय अहिले ठूलो बनेको बताइन् । विश्वकर्माले ३५ सय वटा कुखुरापालन गरेकी छन्। कुखुरापालनमा व्यवसाय फस्टाएकै कारण वैदेशिक रोजगारीमा गएका श्रीमान् नेपाल फर्किएर आफूलाई साथ दिन थालेको उनले बताइन् । उनले कुखुरापालन बाहेक झोल साबुन बनाएर पनि बिक्री गर्दै आएकी छन् ।

झापाबाट आएकी निर्मला लिम्बूले लघुवित्तबाट ऋण लिएर व्यवसायका कारण आफ्नो परिवारले सन्तानलाई पढाउन र घर बनाउन सक्षम भएको अनुभव सुनाइन् ।

उनले सिलाइ, बुनाइको काम गरेपछि आफ्नो जीवन बदलिएको बताइन् । उनले सुरुमा ५ हजार मागदा २ हजार दिने सहकारीले अहिले आफूलाई ५ लाख बिनाधितो ऋण दिएको बताइन् । २ हजार लिएर सुरुमा उनले चिया पसल र बंगुरपालन सुरु गरेकी थिइन् ।

सप्तरीकी रूपकुमारी मेहताले सहकारीबाट १० हजार लिएर सिलाइ मेसिन किनेर व्यवसाय सुरु गरेको बताइन् । यही व्यवसायबाटै गाउँमा किराना पसल सञ्चालन गरेकी उनले अहिले आफ्नो आर्थिक अवस्था सुधिएको र दुवै सन्तानलाई निजी विद्यालयमा पठाउन सक्षम बनेको बताइन् ।

कार्यक्रममा सहभागी झापाकी देवमाया विश्वकर्माले ५ हजार लिएर फर्निचर व्यवसाय सुरु गरेकी हुन् । उनले अहिले आफ्नो ३० लाख बजार मूल्य भएको फर्निचर व्यवसाय रहेको सुनाइन् । बाढीपीडित आफ्नो परिवार व्यवसायकै कारण घर बनाउन र अन्यलाई रोजगारी दिन सक्षम बनेको उनले सुनाइन् ।

सुर्खेतकी गंगा सिग्देलले सहकारीबाटै ऋण लिएर खुद्रा पसल र कुखुरा पालन सुरु गरेकी हुन् । उनले अहिले आफ्नो यी दुई व्यवसायबाहेक कस्मेटिक पसल पनि रहेको सुनाइन् । यही व्यवसायबाट छोरालाई इन्जिनियरिङ पढाउँदै छु, उनले भनिन् ।

कञ्चनपुरकी ललिता भट्टले १० हजार ऋण लिएर गाई पालेकी थिइन् । उनले गाईको दूध बिक्री गर्नेबाहेक तरकारी खेती र पसल गरेर आर्थिक अवस्था सुधारेको आफ्नो कथा सुनाइन् । १० हजार ऋणबाट सुरु गरेको व्यवसायबाट अहिले परिवारका लागि नयाँ घर बनाउन सकेको उनले बताइन् ।

गुल्मीकी सुशीला पुनले १० हजार ऋण लिएर चिया पसल सुरु गरेकी थिइन् । त्यही चिया पसलले अहिले आफ्नो परिवार पालिएको उनले बताइन् । पाउरोटी उद्योगमा मजदुरी गर्ने मेरा श्रीमान् पनि अहिले काम छाडेर यही पसल सम्हाल्न सघाउनुहुन्छ, उनले भनिन् ।

धादिङकी रीता परियारले केही वर्षअघि सिलाइ बुनाइका लागि सामान किन्न ५ हजार कसैले ऋण नपत्याएको अनुभव सुनाइन् । तर, सहकारीबाट ऋण लिएर सिलाइ बुनाइ, बाखापालन जस्ता व्यवसाय सुरु गरेकी उनले आफ्नो गाउँमा आफूजस्तै महिलाहरू स्वाबलम्बी हुन थालेकी बताइन् ।

दाङकी गीता चौधरीले ५ हजार ऋण लिएर सुरु गरेको व्यवसाय अहिले लाखौंमा विस्तार भएको बताइन् । उनले सुरुवातमा सानो खुद्रा पसलबाट व्यवसाय सुरु गरेकी थिइन् । अहिले जमिन भाडामा लिएर खोर्सानी खेती र पशुपालनमा पनि व्यवसाय विस्तार भएको उनले सुनाइन् । यही व्यवसायबाट घर बनाइ, छोराछोरी पढाएँ, उनले भनिन्, 'पहिला ऋणका लागि नपत्याउनेलाई अहिले सापटी दिन सक्ने भएको छु ।'

झापाबाटै आएकी पनियादेवी चौधरीले सानो लगानीबाट सुरु भएको व्यवसायबाट अहिले महिनामा ६० हजारसम्म बचत गर्ने गरेको अनुभव सुनाइन् । उनी सिलाइ-बुनाइ तालिम दिने गर्छिन् । उनले लघुवित्तबाट धेरै महिलाले व्यवसायमा सफलता हात गरेको भए पनि धेरै संस्थाबाट ऋण लिएर ऋण तिर्न नसक्दा धेरै परिवारको बेहाल पनि भएको बताइन् ।

इटहरीकी ठगमाया भट्टराईको चार जनाको परिवार केही वर्षअघिसम्म भाडाको कोठामा बस्दै आएको थियो । १० हजार ऋण लिएर भैंसी किनेकी उनले डेरामा बस्दै दूध बिक्री गर्न थालिन् । उनले पछि फर्निचर व्यवसायमा हात हालेकी छन् । अहिले आफ्नो काममा १४ जनालाई रोजगारी दिएको बताइन् । पहिला खल्तीमा रुपैयाँ हुँदैन थियो, अहिले फर्निचरमा मात्रै ६० लाखको सामान स्टक छ, उनले भनिन् । भोजपुरकी तारादेवी विष्ट एक दशकअघि श्रीमान्को निधन भएपछि विकल्पहीन बनेकी थिइन् । छोराछोरीलाई खर्च जुटाउन मजदुरी थालेकी उनले केही वर्षअघि २० हजार ऋण लिएर किराना पसल राखेकी थिइन् । त्यसपछि लगत्तै उनले आफ्ना भाइसँग मिलेर होटल व्यवसायमा हात हालिन् र कुखुरापालन पनि गरिन् । अहिले होटल व्यवसाय, पसल र किरानाबाट लाखौं आम्दानी हुन थालेको उनले बताइन् ।

गुल्मीकी सन्तु घर्तीले २०६७ सालमा लघुवित्तबाट २० हजार ऋण लिएर सिलाइ बुनाइको व्यवसाय सुरु गरेकी हुन् । वैदेशिक रोजगारमा रहेका श्रीमान्को कमाइले पनि परिवारको आर्थिक अवस्था सम्हाल्न अपुग भएपछि व्यवसायमा हात हालेको उनले बताइन् । अहिले आफूले मासिक डेढ लाख बढी कमाउन थालेको उनले बताइन् ।

सुनसरीकी पूजाकुमारी चौधरीले ५ हजार लिएर मिठाइ व्यवसाय सुरु गरेको बताइन् । उनले यही व्यवसायले आफ्नो परिवारका लागि सबै आर्थिक आवश्यकता पूरा गराउने बताइन् ।

महिला उद्यमीहरूको अनुभव सुनेपछि कार्यक्रममा उपस्थित नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक जनकबहादुर अधिकारीले लघुवित्तले महिला सहक्तीकरणमा महत्वपूर्ण भूमिका खेलेको टिप्पणी गरे । महिलाहरूलाई उद्यमी बनाउन लघुवित्तको ठूलो भूमिका छ, उनले भने । स्वालम्बन विकास केन्द्रका अध्यक्ष शंकरमान श्रेष्ठले लुघवित्तबाट ऋण लिँदा एउटै संस्थाबाट मात्रै लिनुपर्ने सुझाव दिए । उनले एकै पटक धेरै संस्थाबाट धेरै ऋण लिँदा धेरै जना समस्यामा पर्ने गरेको बताए । नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रबन्ध सञ्चालक मणिकुमार अर्ज्यालले लघुवित्तबाट ऋण लिएर व्यवसाय गरेका उद्यमीहरूले आफ्नो आर्थिक आवश्यकता पूरा गर्ने बाहेक आफ्नो सन्तानलाई राम्रो शिक्षाको प्रबन्ध गर्न सफल भएको बताए । यसले उनीहरूको सन्तानको भविष्य पनि राम्रो बनाउँछ, उनले भने, 'यो लघुवित्तको ठूलो सफलता हो ।'

कार्यक्रममा सहभागीहरूको अनुभव सुनेपछि युनिक नेपालका कार्यकारी निर्देशक गोपाल दहितले इमान्दारिता नै गरिब र विपन्नको सम्पत्ति भएको बताए । उद्यमीहरूले हरेश नखाइ मेहनत गरेकाले नै सफलता हात पाएको भन्दै उनले लघुवित्तमा लाग्नेहरूले हरेस खान नहुने धारणा राखे ।

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत महेन्द्रकुमार गिरीले मेहनत र परिश्रम गर्नेहरूका लागि लघुवित्त सहारा हुने धारणा राखे ।

लघुवित्तले ऋण मात्रै नदिएर कमाइ गर्ने बाटो पनि देखाएको उनले विचार थियो । उनले उद्यम गर्न ठूलो होइन सानो ऋण भए पनि पुग्छ भन्ने लघुवित्तको सफलताको प्रमाणित गरेको बताए ।

दोस्रो लघुवित्त सदस्य सम्मेलन २०७५ का झलकहरु